## काठमाडौं महानगरपालिका

# द्वितीय त्रैमासिक परीक्षा-२०८२

## अनिवार्य नेपाली

**कक्षा : ८ (आठ)** **पूर्णाङ्क : ५०**

**समय : २ घण्टा**

**विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले उत्तर दिनुपर्ने छ ।**

**१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् :** २

| | | | | |
|---|---|---|---|---|
| ज्याबल | मनोकामना | मेसिन | कमेरो | मिर्मिरे |

(क) बिहानीपख हुन लागेको अवस्था ....................

(ख) कालिगढले काम गर्ने औजार ....................

(ग) मनको इच्छा ..................

(घ) घर पोत्न प्रयोग गरिने सेतो माटो ..................

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् :** २

(क) 'गृह' को उस्तै अर्थ दिने शब्द .......... हो । (ग्रह, घर, गोप्य)

(ख) 'शिर' को उल्टो अर्थ दिने शब्द ...... हो । (पाउ, मष्तक, टाउको)

(ग) 'हार' ............शब्द हो । (अनेकार्थी, विपरीतार्थी, पर्यायवाची)

(घ) 'पराल' को लघुतावाची शब्द .............हो । (धान, टौवा, त्यान्द्रो)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :** २

टुलुटुलु, आँखामा राखे पनि नबिझाउने

**४. शुद्ध शब्द छानेर लेख्नुहोस् :** १

(अ) बिवेक विवेक बिबेक विबेक

(आ) सम्वादसंवाद सङ्वाद सन्वाद

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

सधैं झैं भोलि पल्ट बिहान मेरो निवासमा गुलाफि आइपूगिन्



**६. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याउनुहोस् :** २

उनका <u>**गोरा**</u> खुट्टामा काला <u>**जुत्ता**</u> सुहाएको देखे<u>**पछि**</u> मलाई पनि खुसी <u>**लाग्यो**</u> ।

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् :** २

(क) रमेश हिमाल ...................... । (चढ् : अपूर्ण भविष्यत् काल)

(ख) दिदीले खाना ...................... । (पकाउ : सामान्य भूतकाल)

(ग) हामी देश निर्माणमा ...................... । (लाग् : इच्छार्थक)

(घ) हरि भोलि समयमै विद्यालय......... । (आउ : सम्भावनार्थ)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ३

(क) हामी परीक्षाको तयारी गर्दै छौं । (एकवचन)

(ख) बहिनी कथा पढ्छे। कर्मवाच्य)

(ग) भाइ गृहकार्य गर्छ । (प्रेरणार्थक)

**९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् :** ३

एकपटक <u>**दशैंमा**</u> काकाकाकी, ठुलाबा, ठुलीआमासँगै अरु दुई जना पनि उपहार लिएर आउनु भएको थियो। हामी भने मामाघरबाट फर्केर आआफ्नो खेलौना खेल्न व्यस्त थियौँ । अनुहार चिनेजस्तो लागे पनि मैले उहाँहरूलाई चिनिनँ। उहाँहरूले मलाई पटकपटक मेरो पढाइ, लेखाइको बारेमा सोध्नुभयो। मासु काटकुट गरेर भुटभाट गरेपछि आमाले खाजासाजा खाएर गफगाफ गरौं भन्नुभयो। कपाकप खाजा खाएर स्वदेश र विदेशका गफ गर्दै रमाइलोसँग दिन बितायौं ।

**प्रश्न**

(क) अनुच्छेदबाट उपसर्ग र प्रत्यय लागेर बनेका एक-एकओटा शब्द लेख्नुहोस् ।

(ख) अनुच्छेदबाट एक-एकओटा द्वित्व र समस्त शब्द लेख्नुहोस् ।

(ग) अनुच्छेदमा रेखाङ्कन गरिएको **दशैंमा** शब्दको कारक र विभक्ति लेख्नुहोस् ।



**१०. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

समाजमा धार्मिक विविधता छ, विभिन्न भाषा र जातिका नाममा वर्गीकृत हाम्रो समाजले धर्मगत स्वतन्त्रतालाई आत्मसात् गरेको छ। मन्दिर र मस्जिद, चर्च र गुम्बा यहाँ एउटै परिवारको सदस्य बनेका छन् । चर्च जाने मान्छे मन्दिरको बाटो जाँदा शिर निहुऱ्याउँछ, मस्जिद प्रार्थना गरेर निस्केको मान्छे गुम्बा नजिक पुग्दा सतर्क हुन्छ तर पनि विश्वले धर्म र जातिका नाममा आँसु बगाइरहेको छ। कुनै पनि शासकले प्रदान गर्न नसकेको आत्मिक शान्ति यदि कहीं कतैबाट आंशिकरूपमा मात्र पनि प्राप्त हुन्छ भने त्यो केवल ईश्वरीय प्रार्थनाबाट प्राप्त हुन्छ तर अचेल त्यस अटल, अविचलित र अपरिवर्तित ईश्वरलाई विभिन्न स्वार्थका कारण विभिन्न जाति र धर्ममा भागबण्डा गरिएको छ, ती ईश्वर जो सबैका साझा र एउटै हुनुपर्थ्यो विभिन्न रूप र रङ्गमा समाजमा बाँडिएका छन् ।

**प्रश्न**

क) हाम्रो समाजको धार्मिक अवस्था कस्तो छ ?

ख) विश्वमा के कारण आँसु बगिरहेको छ ?

ग) आत्मिक शान्ति कहाँबाट प्राप्त हुन्छ ?

घ) ईश्वरलाई किन वर्गीकरण गरिएको हो ?

**११. दिइएको अनुच्छेद पढी चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् :** ४

पाल्पाको पहिचान ढाका कपडा र ढलोटको करुवासँग गासिएको छ। भोजपुरको खुकुरी र भाँडाकुँडा हरेक नेपालीका घर घरमा पुगेका छन्। चितवनमा उत्पादन भएको मह झापाको बजारमा बिक्री भइरहेको छ। नुवाकोटमा फलेको तरकारी काठमाडौंको भान्सामा पाकिरहेको छ। पाटनमा बनेका थाङ्का डोल्पामा वेचविखन भइरहेको छ। जुम्लामा फल्ने मार्सी धानले काठमाडौं पोखरालगायत सहरमा बजार पाएको छ। मानिसले जुम्ला, सोलुखम्बु र मुस्ताङको स्याउ, गोरखाको सुन्तला, रामेछापको जुनार खोजी खोजी खान थालेका छन्। हिजोआज मुलुकका प्रायः सबै ठाउंमा यातायातको सुविधा छ। यातायातका कारण पूर्वी

नेपालमा उत्पादन हुने चिया पश्चिम नेपालमा पाइन्छ । यातायात तथा सञ्चारले फरक फरक ठाउँलाई मात्र होइन, जनताका भावना र सम्बन्धलाई पनि जोडेको छ ।

**१२ कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ३

**(क) दिइएका बुँदाका आधारमा उपयुक्त शीर्षक दिई कथा लेख्नुहोस् :**

कुनै गाउँमा झुटो बोल्ने कालु नाम गरेको केटो हुनु...सधै जंगलमा बाख्रा चराउन जानु ... बाघ आयो गुहार ! गुहार ‼ भनेर रुखमा चढेर कराउनु ...गाउँलेहरू बाघ धपाउन जंगलमा दौडनु... बाघ नभेट्नु..... कालुले बारम्बार यो घटना दोहोर्‍याइरहनु... गाउँलेहरू कालुका व्यवहारबाट दिक्क हुनु ...एक दिन साँच्चै बाघ आउनु... कालु गुहार ! गुहार ‼ बाघ आयो भनेर कराउनु... गाउँलेहरू कोही पनि नआउनु ..................बाघले कालुका सबै बाखा मारेर खानु... कालु रुँदै रुँदै घर फर्किनु....झुठो बोल्दा आफै पछुताउनुपर्ने ।

**(ख) अनुशासनको महत्त्व शीर्षकमा दुई साथीबिच हुने संवादको नमुना तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ३

(क) विदेशमा भएको आफ्नो साथीलाई घर फर्किएर स्वदेशी माटोमै केही गर्न सकिन्छ भन्ने आशयसहितको चिठीको नमुना तयार पार्नुहोस् ।

(ख) मिल्ने साथीलाई नयाँ वर्षका अवसरमा दिइने शुभकामना पत्र तयार पार्नुहोस् ।

**१४. कुनै एकको भाव विस्तार गर्नुहोस् :** ३

(क) हामी हाम्रो पिँढीका लागि देश भएर बाँचौं
सन्देश दिएर बाँचौं ।

(ख) मानवका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार हुन्छन् ।



**१५. दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

विद्या नै सबैभन्दा ठुलो धन हो भन्ने कुरा ताबेईका मनमा गढिरहेको थियो । उनी जसरी पनि उच्चशिक्षा लिनुपर्छ भन्ने कुराप्रति सतर्क थिइन् । उनले आफ्नो शिक्षालाई अझै सशक्त किसिमबाट अघि बढाउने योजना बनाइन् । उनको चहनालाई आमाबुबाले समेत होस्टेमा हैँसे गरे । परिणामस्वरूप उनी पहिलोपटक टोकियो विश्वविद्यालयमा भर्ना हुन पुगिन् । पढाइको केही समयपछि नै उनलाई त्यहाँ असहजताको अनुभूति भयो । पुन: अर्को विश्वविद्यालयको खोजीतर्फ लागिन् । त्यसै क्रममा उनले सोवा महिला विश्वविद्यालयमा भर्ना हुने अवसर पाइन् । त्यहाँ सन् १९५८ देखि १९६२ सम्म अग्रेजी साहित्यकी विद्यार्थी बनेर उनले उच्च शिक्षा हासिल गरिन् ।

**प्रश्न**

अ) ताबेईको मनमा के कुरा गढिरहेको थियो ?

आ) ताबेई किन टोकियो विश्वविद्यालयमा भर्ना भइन् ?

इ) उनलाई त्यहाँ किन असहजताको अनुभूति भयो होला ?

ई) ताबेईले कहाँबाट उच्च शिक्षा प्राप्त गरिन् ?

**१६. कुनै एक प्रश्नको लामो उत्तर लेख्नुहोस् :** ५

**(क) दिइएको कथाको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

“म यो जुत्ता फिर्ता गर्ने आएकी हजुर !” गुलाफीले भुइँतिर आँखा झुकाउँदै, निन्याउरो अनुहार लगाएर जुत्ताको पोको मतिर बढाइन् । “यो जुत्ता किन फिर्ता ल्यायौ गुलाफी ?” मेरो स्वर शुष्क थियो । “म यो जुत्ता लगाउन सक्दिनँ, अलि ठुलो भयो मलाई !” दृष्टि झुकाउँदै बोलिन् उनी । “तिमीले अस्ति मेरै अगाडि यो जुत्ता लगाएकी होइनौ ? अहिले कसरी ठुलो भयो ?” “बा र आमा दुवै जनाले भन्नुभएको, म अहिले सानै छु, यो जुत्ता अलि ठुलो छरे । यो जुत्ता मेरा खुट्टामा सुहाउँदैन रे !” गुलाफीले जुत्ताको पोको मेरै अगाडि भुइँमा राखिन् र त्यहाँबाट ओझेल भइन् । तर जानुभन्दा पहिले उनले आफ्ना व्यथित नजरले पुलुक्क मतिर हेरेकी थिइन् । उनका बाटुला आँखाबाट दुई थोपा आँसु तरक्क गालातिर चुहिँदै थिए ।



**प्रश्न**

गुलाफीले म पात्रलाई जुत्ता फिर्ता दिनु उपयुक्त थियो कि थिएन, ‘एकजोर जुत्ता’ कथामा आधारमा समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको कविताको अंश पढी समीक्षात्मक उत्तर लेख्नुहोस् :**

राम्रो स्वच्छ हराभारा प्रकृतिको आत्मीयता पाउँदा
आत्मैदेखि रमाउँदो छ दुनियाँ आनन्द भेट्टाउँदा
यो आनन्द सदाबहार फिँजियोस् प्राणी जगत्मा सदा
ऊर्जायुक्त सशक्त निर्भय बनोस् यो जिन्दगी सर्वदा ।

**प्रश्न**

प्यारो प्रकृति कवितामा कविले मानव र प्रकृतिबिच कस्तो सम्बन्ध हुनुपर्ने भाव व्यक्त गरेका छन् ? लेख्नुहोस् ।

**१७. कुनै एक शीर्षकमा १२५ शब्द नघटाई निबन्ध लेख्नुहोस् :** ५

(क) मेरो जीवनको लक्ष्य

(ख) कृषिमा आधुनिकीकरण

(ग) प्राविधिक शिक्षा : आजको आवश्यकता

धन्यवाद !